# लोकतन्त्रसँग जोडिएको सामुदायिक वन आन्दोलन

**घनश्याम पाण्डे**

सामूदायिक वन नेपालको गौरव र नेपालीको पौरख हो । नेपालको सामूदायिक वन व्यवस्थापन प्रक्रियाले विश्व भरिनै ख्याति कमाउन सफल भएको भए पनि यतिवेला नेपाल भित्रै विभिन्न समस्या र व्यवधान व्यहोरिरहेको छ । सामुदायिक वन माथि आइपरेको व्यवधानका मुल कारण भनेको नेपालमा भाङ्गिदै गएको निरङ्कुशता र प्रजातन्त्र माथिको आक्रमण नै हो । त्यसैले सामुदायिक वन अधिकारका लागि सञ्चालन भैरहेका सबै आन्दोलन र अभियानहरुको सिधा सरोकार लोकतान्त्रिक आन्दोलनसंग रहेको छ ।

प्राकृतिक स्रोत माथि स्थानीय जनताको अधिकार परम्परादेखि नै रही आएको हो । मानव सभ्यताको विकास वन जङ्गलसँग गाँसिएर भएको तथ्य इतिहासमा पढ्न पाइन्छ । मानव सभ्यता जङ्गली युगबाट सुरु भई वर्तमान सभ्य समाजसम्म आइ पुगेको तथ्यले वताएको छ । मानव सभ्यताको विकाससंगै शासक वर्गहरु जन्मिएको पाइन्छ । हाम्रो समाज शासक र शासित तथा हूने खाने र विपन्न वर्गमा विभाजित हुनुमा प्राकृतिक स्रोतको उपयोग मूल कारण रहेको पाइन्छ । जसले प्राकृतिक स्रोत विशेष गरी जल, जमिन र जङ्गल जस्ता स्रोतको अत्याधिक प्रयोग गरेर तिनीहरु सम्पन्न बन्दै गए र अर्को एक वर्गलाई प्राकृतिक स्रोतको उपयोग गर्नबाट वन्चित गराउदै लगे । फलस्वरुप समुदायमा यस्ता वर्गहरु गरिब र विपन्न बन्दै गए ।

नेपालको सन्दर्भमा हेर्ने हो भने पनि प्राकृतिक स्रोतको रुपमा रहेको जल, जमिन र जङ्गलको उपयोग जसले ज्यादा प्रयोग गरे त्यो वर्ग धनी र अभिजात्य वर्गमा परिणत भएको र जसले त्यो स्रोतको प्रयोग गर्न पाएन त्यस्तो वर्ग गरिब र विपन्न भएको देखिन्छ । नेपालको आधुनिक इतिहासलाई हेर्दा पनि नेपालको वन शासकहरुले युद्धमा लड्ने सिपाहीहरुलाई र काम गर्ने कर्मचारीहरुलाई नगद स्वरुप दिने गरेको पाइन्छ ।

पृथ्वीनारायण शाहदेखि वर्तमानसम्मका राजाले पनि नेपालको वन क्षेत्रलाई शासन सत्ता टिकाउने मुल आधार वनाउन खोजेको पाइन्छ । राणाशासन कालमा भाइ भारदारका चित्त बुझाउन ठुलो मात्रामा नेपालको वनक्षेत्र उनीहरुलाई प्रयोग गर्न दिएको पाइन्छ । २०१३ सालमा वनको राष्ट्रियकरण गरी वनको संरक्षण र सम्वर्धन गर्ने जिम्मा सरकार आफैले लिएको हो । २०१७ साल पछि पञ्चायती व्यवस्थाको जन्मसंगै वन कानूनलाई कडा र निरंकुश वनाई स्थानीय समुदायलाई वन जङ्गलबाट अलग्याउने कोसिस गरियो । वन जंगल र स्थानीय समुदायसंगै रहनु हुदैन भन्ने मान्यतालाई अगाडि सारियो । फलस्वरुप, नेपालको वन जङ्गल फडानी भएर मरुभूमि बन्ने अवस्थामा पुग्यो जसको मूल कारणहरु सरकारको अदूरदृष्टि र केन्द्रीकृत शासन प्रणाली नै हुन् । यसरी वनको संरक्षण र व्यवस्थापनमा सरकारी असफलतासंगै सामुदायिक वनको अवधारणा सुरु भएको हो । २०४६ सालमा भएको जन आन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य र वहुदलीय प्रजातन्त्रको पुर्नस्थापना गरे पछि बनेको जन निर्वाचित संसद र सरकारले स्थानीय समुदायको वन माथिको अधिकारलाई स्थापित गर्ने गरी वनका नीति, ऐन, र नियमहरु बनाई लागू गऱ्यो । त्यसै अनुसार विनास भैरहेको वनक्षेत्र संरक्षण र व्यवस्थापन गर्न स्थानीय जनतालाई जिम्मा दिईयो । सामुदायिक उपभोक्ता समूहहरुले यो जिम्मेवारीलाई सफलताका साथ संपादन गरे, गरिरहेका छन् । त्यसैले आज भोलि प्रजातन्त्र नमूना र सफल विकास कार्यक्रमको नमूना सामुदायिक वन हो भन्ने मान्यता रहेको पाइन्छ । सामुदायिक

वनको यस्तो सफलताले वन विना जनताको जीविकोपार्जन संभव छैन भन्ने मात्र हैन जनसहभागिता विना वनको संरक्षण हुन सक्दैन भन्ने तथ्य समेत स्थापित भएको छ ।

तर दुर्भाग्यको कुरा प्रजातन्त्र र संसद कमजोर वन्दै जांदा सामुदायिक वन माथि सरकारी हस्तक्षेप बढ्न थाल्यो । प्रजातान्त्रिक शासन कालका अन्तिम अवस्थातिर आइपुग्दा सामुदायिक वन माथिको हस्तक्षेप सुरु भयो । जनमुखी रहेका वन नीति, ऐन र नियमहरुलाई संशोधन गरी शासकमुखी वनाउने काम प्रजातान्त्रिक कालको अन्तिम समयमै सुरु भएको हो । २०५५ मा भएको वन ऐन संशोधन र २०५७ बैशााख १९ को मन्त्री परिषदको निर्णयले  यसलाई पुष्टि गर्छन् । उक्त निर्णय अनुसार सरकारले सामुदायिक वन माथि ४०% वन पैदावार शुल्क लगाउने, तराईमा सामुदायिक वन हस्तान्तरण नगर्ने, समूहको हित विपरीत साझेदारी वन लागू गर्ने जस्ता गैर कानूनी कामको सुरुआत गर्‍यो । वास्तवमा सामुदायिक वन अधिकारका हिसावले यो नै सामुदायिक वन माथिको निरङ्कुशता र प्रतिगमनको सुरुआत थियो । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले त्यति वेलादेखि नै सामुदायिक वन अधिकारका लागि आन्दोलन गर्दै आएको छ ।

संसद विघटन र प्रजातन्त्रको अपहरण पश्चात् सामुदायिक वन माथि थप आक्रमण भएको छ । सामुदायिक वन विकासको प्रक्रिया सरकारी तहवाट पूर्णरुपमा रोकिएको मात्र होइन सरकारी हस्तक्षेप बढेर गएको छ । वर्तमान निरङ्कुश सरकारले जिल्ला वन समन्वय समिति गठन निर्देशिका २०६२ लागू गरेर सामुदायिक वन माथि निरङ्कुशता लादेको छ । सरकारबाट नियुक्त प्रशासकहरुबाट सामुदायिक वनका खाता बन्द गराउने, वन पैदावर स्वतन्त्र रुपमा प्रयोग गर्न नदिने जस्ता गैर कानूनी काम भइरहेका छन् । वर्तमान निरङ्कुशतालाई टिकाउन सामुदायिक वन क्षेत्र भित्र सुरक्षा क्याम्प राख्ने, सुरक्षाका नाममा वन विनास गर्ने जस्ता काम समेत भैरहेका छन् । सामुदायिक वनका पदाधिकारीहरुलाई थुन छेक गर्ने, धम्की दिने र सामुदायिक वन फिर्ता लिने काम सरकारी पक्षबाट भैरहेको छ । अर्कोतर्फ विद्रोही पक्षबाट भएका सामुदायिक वनलाई स्थानीय सत्तामा दर्ता गराउन दवाब दिने र चन्दा असुली गर्ने जस्ता कार्यले सामुदायिक वनको अस्तित्व र स्वायत्तता माथि नै प्रश्न चिन्ह खडा गरेका छन् ।

सामुदायिक वन प्रजातन्त्रमा मौलाउँछ र निरङ्कुशतामा दुब्लाउँछ भन्ने तथ्य सावित भएको छ । त्यसैले सामुदायिक वन अधिकारको पक्षमा उभिनु र आन्दोलन गर्नु भनेको लोकतान्त्रिक आन्दोलनको पक्षमा रहनु र निरङ्कुशता विरुद्धमा अडिनु हो । सामुदायिक वन र निरंकुशतासँगै जान सक्दैनन् । सामुदायिक वन अधिकारका लागि निरंकुशताको अन्त्य जरुरी छ । त्यसैले “सामुदायिक वन अधिकार प्रति प्रतिवद्धता, लोकतान्त्रिक आन्दोलनमा हाम्रो एक्यवद्वता” भन्ने मूल नाराका साथ सामुदायिक वन उपभोक्ताहरु निरङ्कुशता विरोधी आन्दोलनमा होमिएका छन् । अधिकार प्राप्तिका लागि निर्णायक आन्दोलनको पूर्वाभ्यास विभिन्न जिल्लाहरुमा भइरहेका छन् ।

(लेखक सामुदायिक वन उपभोक्ता महासंघसगँ आवद्धहुनुहुन्छ ।)